# आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको

## तेस्रो वार्षिक साधारण सभाको

## निर्णय अभिलेख (माइन्यूट)

१. **सभाको बैधानिकता** :

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको तेस्रो वार्षिक साधारण सभा यस कम्पनीको सञ्चालक समितिको मिति २०७६/०६/०८ गते बसेको सञ्चालक समितिको ६७ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री निर्गुण प्रसाद भट्टचनज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०७६ कार्त्तिक ७ गते बिहीवार (तदनुसार २०१९ अक्टोबर २४)

समय : बिहान १० बजे

स्थान : फल एण्ड ट्राउट भिलेज होटल एण्ड रेस्टुरेन्ट, ककनी, नुवाकोट

३. **सभाको सूचना** :

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार तेस्रो वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागी शेयरधनीहरुलाई मिति २०७६/६/९ गतेको कारोवार दैनिक र मिति २०७६/६/१० गतेको आर्थिक अभियान दैनिकमा सुचना प्रकाशित गरिएको थियो । साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई वितरणको प्रबन्ध मिलाईएको थियो ।

४. **छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आसाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७५/७६ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७५/७६ मुनाफाबाट ०.६३१५७९ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।

४. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको शर्त निर्धारण गर्ने (हाल बहालवाला लेखापरीक्षक श्री के.जे. एण्ड एसोशिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

५. नियमावलीमा व्यवस्था भए बमोजिम सर्वसाधारण समूहको तर्फबाट २ जना संचालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पूँजी रु २०,७४,००,०००/- को १२ प्रतिशत बोनश शेयर वितरण गर्ने निर्णय गरि सो सम्बन्धमा प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।

२. सञ्चालक हरुको बैठक भत्ता वृद्धि गर्नका लागि नियमावलीमा संशोधन गर्ने ।

३. यस वित्तीय संस्थाले अन्य ईजाजत-पत्र प्राप्त घ बर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्न गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष



आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

निवेदन दिने, सम्पती तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु अनुरुप गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरि अन्तिम स्वीकृती लिई कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने लगायत आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समिति वा समितिले ताकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

४. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध ।**

५. **उपस्थिति :**

(१) सञ्चालक समितिका सदस्यहरु जम्मा ५ जना ।

(२) शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा ३३ जना ।

(३) प्रोक्सी मार्फत उपस्थिति १६० जना गरी जम्मा उपस्थिति संख्या १९३ जना ।

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरु :**

१. श्री निर्गुण प्रसाद भट्टचन - अध्यक्ष
२. श्री प्रदीप कुमार खड्का - सञ्चालक
३. श्री हेमन्त पौडेल - सञ्चालक
४. श्री सुसन शेरचन - सञ्चालक
५. श्री देबेन्द्र लाल श्रेष्ठ - स्वतन्त्र सञ्चालक

**५.२. व्यवस्थापन पदाधिकारीहरुको उपस्थिति :**

१. श्री बद्री प्रसाद दुलाल - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
२. श्री रबिन खतिवडा - प्रमुख, कर्जा तथा अनुगमन विभाग
३. श्री दिपेन्द्र खनाल - प्रमुख, सामान्य सेवा विभाग
४. श्री कमल खत्री - प्रमुख, योजना तथा वित्त विभाग प्रमुख

**५.३ नियमनकारी निकायबाट भएको उपस्थितिः नभएको**

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

| **उपस्थिति** | | **शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत** |
|---|---|---|
| शेयरधनीहरुको कुल संख्या : ५०७७९ | शेयरधनीहरु | |
| | ३३ जना (४ जना सञ्चालक समेत) स्वयं | |
| जम्मा शेयर संख्याः २० लाख ७४ हजार कित्ता | प्रोक्सी १६० जनाको | ५९.८२ प्रतिशत |
| | जम्मा उपस्थिति १९३ जना | |

यस कम्पनीको तेस्रो वार्षिक साधारण सभामा यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको कम्तीमा ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने

आशा
आशा लघुवित वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता २० लाख ७४ हजारमा १२ लाख ४० हजार ६ सय ८४ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा ५०७७९ शेयरधनीहरु मध्ये ३३ जना शेयरधनीहरुको स्वयं र १६० जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) को माध्यमबाट उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयरधनीहरुको संख्या तथा शेयर कित्ता समेतको प्रतिनिधित्व भएको छ ।

७. **सभा संचालनको लागि बैधानिकताको यकिन** :

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको तेस्रो वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या १९३ रहेको र निजहरुले धारण गरेको कुल शेयर संख्याको ५९.८२ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न बैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले तेस्रो वार्षिक साधारण सभाको कामकारवाही संचालन गराउनु भयो ।

७.२. यस कम्पनीको नियमावली, २०७२ को नियम १९ (१) बमोजिम भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्नु हुने कुरा कम्पनी सचिवले जानकारी गराएपछि विहानको १०:०० बजे अध्यक्ष श्री निर्गुण प्रसाद भट्टचनज्यूको अध्यक्षतामा वित्तीय संस्थाको तेस्रो वार्षिक साधारण सभा शुरु भयो ।

८. **वार्षिक साधारण सभाको प्रस्तुति :**

१. सभाका सभापति श्री निर्गुण प्रसाद भट्टचन ज्यू तथा प्रमुख अतिथि संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डे ज्यू बाट संयुक्त रुपमा पानसमा दिप प्रज्वलन गरी सभाको उद्‌घाट्न पश्चात सभाको काम कारवाही शुरु गरियो ।

२. संस्थाका कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री बद्री प्रसाद दुलालज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै अध्यक्षज्यूको अनुमतिले साधारण सभाको कारवाही संचालन गर्नुभयो ।

३. अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन वार्षिक साधारण सभा समक्ष पेश गर्नुभयो ।

४. अध्यक्षज्यूले आ.व.२०७५/७६ को बासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण समेत छलफलका लागी सभा समक्ष पेश गर्नुभयो ।

९. **छलफलका लागि आह्वान** :

९.१. वित्तीय संस्थाको आ.व. २०७५/७६ को प्रतिवेदन, २०७६ आषाढ मसान्त सम्मको बासलात, सोही मितिमा समाप्त आ.व. २०७५/७६ को नाफा/नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्ष ज्यू ले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२. छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :

१. डा. आत्मराम घिमिरे

२. श्री कविता पोखेल

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

१०. **छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतीकरण :**

१. डा. आत्मराम घिमिरे :

संस्थाको व्यवस्थापनले कर्मचारीहरुको वृत्ति विकास तथा क्षमता अभिवृद्धिलाई विशेष ध्यान दिई संख्यात्मक भन्दा गुणात्मक व्यवसाय वृद्धिलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ । संस्थाको व्यवसाय वृद्धि उल्लेखनीय देखिएपनि मुनाफा आर्जन सोहि अनुपातमा नभएको हुँदा चुस्त व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

२. श्री कविता पोखेल :

वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार खराब कर्जाको दर गत वर्षको भन्दा उल्लेख्य अनुपातमा वृद्धि भएको हुँदा यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ । विशेष गरी व्यवस्थापनले सदस्य, लगानीकर्ता तथा कर्मचारीहरु तीनै पक्षलाई उचित प्रतिफल दिनसक्ने गरी कार्य गर्नुपर्ने देखिन्छ ।

११. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

वार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले देखाउनु भएको कमी, कमजोरी उपर अध्यक्षज्यूले धन्यवाद दिदै उक्त कमी कमजोरीहरुलाई मध्यनजर गर्दै आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्नुभयो । खराब कर्जालाई न्यून गर्न असूली कार्यलाई विशेष योजनाका साथ संचालन गर्ने जानकारी दिनुभयो । लगानीकर्ताहरुलाई शिघ्र प्रतिफल प्रदान गर्नका निम्ति संस्थाले विभिन्न संचालन खर्चहरुलाई न्यूनिकरण गरिरहेको छ । कर्मचारीहरुको वृत्ति विकास तथा क्षमता अभिवृद्धिका निम्ति तालिमहरुमा सहभागी गराउने योजना रहेको छ । संस्थाले स्थापना गरेका शाखा कार्यालयहरु पनि ज्यादै न्यून खर्चमा स्थापना गरेको तथ्यलाई समेत अध्यक्षज्यूले स्मरण गर्नुभयो ।

१२. **वार्षिक साधारण सभाको निर्णय** :

(क) **सामान्य प्रस्तावहरुमा भएका निर्णयहरु :**

१. **सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले तेस्रो वार्षिक साधारण सभामा प्रस्तुत गर्नु भएको आ.व. २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आसाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७५/७६ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

लेखापरिक्षकको आ.व.२०७५/७६ को लेखापरीक्षण प्रतिवेदन सहित २०७६ आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह लगायत सो सँग सम्बन्धित सम्पूर्ण अनूसुचीहरु सहितको वित्तीय बिवरण पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

३. **कम्पनी सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७५/७६ मुनाफाबाट ०.६३१५७९ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७५/७६ को मुनाफाबाट ०.६३१५७९ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

आशा

आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ...

**४. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७५/७६ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको शर्त निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७५/७६ का लागी लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले यस साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखापरीक्षण समितिको मिति २०७६ आश्विन ७ गते बसेको १४ औं बैठकले गरेको सिफारिस बमोजिम हाल बहालवाला के.जे. एण्ड एशोसिएट्सलाई बाह्य लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको लेखापरीक्षण तथा कर परीक्षण बापत पारिश्रमिक कर बाहेक रु. १,८०,०००।- (रुपैयाँ एक लाख असि हजार मात्र) निर्धारण गर्ने र दैनिक भत्ता बापत दैनिक भत्ता सी. ए. लाई रु. २,५००/- र अन्य लाई रु. २,०००/- प्रति दिन प्रति व्यक्तिका दरले तथा बिल अनुसार वास्तविक यातायात बापतको खर्च प्रदान गर्ने गरि लेखापरीक्षण समितिको सिफारिस बमोजिम हुनेगरी नियुक्ति गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**५. नियमावलीमा व्यवस्था भए बमोजिम सर्वसाधारण समूहको तर्फबाट २ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।**

संस्थाको नियमावली २०७२ को दफा २७ बमोजिम तेस्रो वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने गरि २ जना ४ बर्षको कार्यकालका लागि क्रमश: श्री भावना बलायर र श्री अविनास सिलवाल सञ्चालकमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत श्री राम कृष्ण बन्जाराले सभा समक्ष जानकारी गराउनु भयो ।

**(ख) विशेष प्रस्तावहरुमा भएका निर्णयहरु :**

**१) सञ्चालक समितिको प्रस्ताव बमोजिम चुक्ता पूँजी रु २०,७४,००,०००/- को १२ प्रतिशत वोनश शेयर वितरण गर्ने निर्णय गरि सो सम्बन्धमा प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।**

(क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(१) बमोजिम पूँजी संरचना परिवर्तन भएकोले प्रबन्धपत्रको दफा ६(क)मा उल्लेख गरिएको "वित्तीय संस्थाको अधिकृत पूँजी रु.३०,००,००,०००/- (तीस करोड) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ३०,००,०००/- (तीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"वित्तीय संस्थाको अधिकृत पूँजी रु. ४०,००,००,०००/- ( चालीस करोड) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ४०,००,००० ( चालीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।"** उल्लेख गर्ने निर्णय गरियो ।

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(१) बमोजिम पूँजी संरचनामा १२ प्रतिशत वोनश शेयर वितरण गर्ने निर्णय भए बमोजिम परिवर्तन भएकोले प्रबन्धपत्रको दफा ६(ख)मा उल्लेख गरिएको "वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु. २०,७४,००,०००/- ( रु बीस करोड चौहत्तर लाख) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले २०,७४,०००/- (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी २३,२२,८८,०००/- (तेईस करोड वाईस लाख अठासीहजार) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले २३,२२,८८० (तेईस लाख वाईस हजार आठसय असी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।।"** उल्लेख गर्ने निर्णय गरियो ।

(ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(१) बमोजिम पूँजी संरचनामा सर्वसाधारणमा शेयर जारी पश्चात तथा १२ प्रतिशत वोनश शेयर वितरण गर्ने निर्णय भए बमोजिम परिवर्तन भएकोले प्रबन्धपत्रको दफा ६(ग)मा उल्लेख गरिएको "वित्तीय संस्थाको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १४,००,००,०००।- (चौध करोड) हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"वित्तीय संस्थाको चुक्ता पूँजी रु. २३,२२,८८,०००।- (तेईस करोड वाईस लाख अठासीहजार) हुनेछ ।"** उल्लेख गर्ने निर्णय गरियो ।



आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय

(घ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(३) बमोजिम व्यवस्था गर्नुपर्ने भएकोले प्रबन्धपत्रको दफा ६(च)मा उल्लेख गरिएको शब्दावलीमा त्रुटी भएकोले "सर्वसाधारणमा शेयरधनी समुहको शेयर स्वामित्व ३२.४९७५८९१९९६१४३० प्रतिशत हुनेछ । वित्तीय संस्थाले सर्वसाधारणमा बिक्री वितरणको लागि खण्ड(घ)मा छुट्टयाईएको हद बाहेकको ०.५ प्रतिशत शेयर कर्मचारीको लागि छुट्टयाउन सक्नेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"सर्वसाधारणमा शेयरधनी समुहको शेयर स्वामित्व ३२.४९७५८९१९९६१४३० प्रतिशत हुनेछ । वित्तीय संस्थाले सर्वसाधारण समूहको कुल शेयर मध्येबाट जारी पूँजीको ०.५ शेयर कर्मचारीको लागि छुट्टयाउन सक्नेछ ।"** उल्लेख गर्ने निर्णय गरियो ।

(ङ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(३) बमोजिम व्यवस्था गर्नुपर्ने भएकोले प्रबन्धपत्रको दफा ६(च)मा उल्लेख गरिएको "सर्वसाधारणमा बिक्री गरिने शेयर खरीद गर्ने शेयरधनीलाई समूह "ख" मा बर्गीकरण गरी यो समूहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ । यस समूहको कुल शेयर मध्येबाट ५ प्रतिशतसम्म शेयर वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"सर्वसाधारणमा बिक्री गरिने शेयर खरीद गर्ने शेयरधनीलाई समूह "ख" मा बर्गीकरण गरी यो समूहको शेयर स्वामित्व** ३२.४९७५८९१९९६१४३ **प्रतिशत हुनेछ । यस समूहको कुल शेयर मध्येबाट जारी पुँजिको ०.५ प्रतिशतसम्म शेयर वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बाँडफाँड गर्न सकिनेछ ।"** उल्लेख गर्ने निर्णय गरियो ।

२) **सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्नका लागि नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।**

वित्तीय संस्थाको नियमावलीको दफा ३२(१)मा उल्लेख गरिएको बैठक भत्ता सम्बन्धमा समयसापेक्ष वृद्धि गर्न आवश्यक भएकोले " <u>सञ्चालकको पारिश्रमीक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था</u> : (१) सञ्चालकले पाउने मासिक पारिश्रमीक, बैठक भत्ता दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :-(ख)सञ्चालक समितिको बैठकमा सहभागी भए बापत अध्यक्षले र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता क्रमश: रु ४,०००/- र रु ३,५००/- हुनेछ । ।" भन्ने व्यवस्थालाई संशोधन गरी " **<u>सञ्चालकको पारिश्रमीक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :</u> (१) सञ्चालकले पाउने मासिक पारिश्रमीक, बैठक भत्ता दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :- (ख) सञ्चालक समितिको बैठकमा सहभागी भए बापत अध्यक्षले र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता क्रमश: रु ८,०००/- र रु ६,०००/- हुनेछ । सञ्चालक संलग्न भई गठित समिति तथा उपसमितिहरुको बैठकमा सहभागी भए वापत त्यस्तो समिति तथा उपसमिति का संयोजकको रु ६,०००/- तथा सदस्यको रु ५,०००/- प्रति बैठक भत्ता हुनेछ ।"** उल्लेख गर्ने निर्णय गरियो ।

३) **यस वित्तीय संस्थाले अन्य ईजाजत-पत्र प्राप्त घ बर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्न गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पती तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु अनुरुप गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरि अन्तिम स्वीकृत लिई कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने लगायत आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।**

यस वित्तीय संस्थाले अन्य ईजाजत-पत्र प्राप्त घ बर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्न गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पती तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी ६ नुवाकोट

परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने वा प्राप्ती सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु अनुरुप गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरि अन्तिम स्वीकृत लिई कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने लगायत आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**४) वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा विनियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा विनियमावलीमा संशोधन एवं परिमार्जर्न गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(ग) <u>विविध :</u>

यस शिर्षक अन्तर्गत यस वित्तीय संस्थाको रिक्त स्वतन्त्र सञ्चालक पदमा सञ्चालक समितिको मिति २०७६/०६/०८ गतेको ६७ औं बैठकबाट निर्णय भई नियुक्त हुनुभएका सञ्चालक श्री देवेन्द्र लाल श्रेष्ठको नियुक्त भएको सभालाई जानकारी गरियो ।

प्रमुख अतिथिका रुपमा मन्तव्य व्यक्त गर्नुहुँदै संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेले संस्थाले छोटो समयमा उल्लेखनीय रुपमा व्यवसाय विस्तार गरेकोमा व्यवस्थापनलाई धन्यवाद दिनुभयो । वहाँले अब गुणस्तरीयतामा ध्यान दिनुपर्ने समय आएको सुझाव दिनुभयो । वहाँले संस्थाको व्यवसायिक दायरालाई फराकिलो बनाउन रेमिट्यान्स तथा बीमा सम्बन्धी कार्यलाई समेत अगाडी बढाउन व्यवस्थापनलाई निर्देशन दिनुभयो ।

**<u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन :</u>**

यस तेस्रो वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्ष ज्यू ले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय सहभागीताका साथै प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । आफ्नो अमूल्य समय दिई उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुमा धन्यवाद ज्ञापन गर्नुभयो । वित्तीय संस्था संचालनमा महत्वपूर्ण सहयोग गर्नुहुने कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, सम्पूर्ण नियमनकारी निकायहरु तथा व्यवस्थापन समिति लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्नुभयो । साथै नजिकिँदै गरेको शुभ दिपावली तथा छठ पर्वका अवसरमा उपस्थित सम्पूर्ण महानुभावहरुमा शुभकामना व्यक्त गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| ............ | आशा<br>आशा लघुवित वित्तीय संस्था लि.<br>केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट | ............ |
| बद्री प्रसाद दुलाल<br>कम्पनी सचिव | | निर्गुण प्रसाद भट्टचन<br>अध्यक्ष |

संस्थाको छाप :

मिति : २०७६ कार्तिक ७ गते बिहीवार

आशा
आशा लघुवित वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट